अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८३।०८।०७ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

त्रिभुवन विमानस्थल, भन्सार कार्यालय, वैदेशिक हुलाक शाखा, डिल्लीबजारका भन्सार अधिकृत ईन्द्र न्यौपाने र सोही कार्यालयका कार्यालय सहयोगी गणेश प्रसाद पुडासैनीले कुरियर कम्पनीमार्फत विदेशमा कुरियर गरी विभिन्न सामान पठाउँदा सेवाग्राहीसँग घुस (रिसवत) माग गरेको भन्ने सूचना एवम् उजुरी निवेदनको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले घुस रकमसहित निजहरूलाई नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा त्रिभुवन विमानस्थल, भन्सार कार्यालय, वैदेशिक हुलाक शाखा, डिल्लीबजारका भन्सार अधिकृत ईन्द्र न्यौपाने र कार्यालय सहयोगी गणेश प्रसाद पुडासैनीले आफ्नो पद तथा ओहदाको दुरूपयोग गरी बदनियत राखी आपसी मिलेमतो तथा योजनामा सेवाग्राहीको सामान त्रिभुवन विमानस्थल भन्सार कार्यालयको वैदेशिक हुलाक शाखामार्फत कुरियर गरी विदेश पठाउनको लागि विभिन्न बहाना बनाई बार्गेनिङ गरी घुस (रिसवत) माग गरी गराई घुस (रिसवत) लिन सहमत भई प्रतिवादीहरू ईन्द्र न्यौपाने र गणेश प्रसाद पुडासैनीको पूर्व योजना तथा सहमति बमोजिम घुस (रिसवत) बापतको रकम रू.९,५००/- (नौ हजार पाँच सय रूपैयाँ) लिएको पुष्टि भएकोले निज प्रतिवादीहरू ईन्द्र न्यौपाने र गणेश प्रसाद पुडासैनीको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निजहरूलाई बिगो रू.९,५००/-(नौ हजार पाँच सय रूपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने